मिति : २०८३।०३।१८

समय : बिहान १:०० बजे

स्थान: गोलन्जोर गाउँ कार्यपालिकाको कार्यालय, ग्वालटार

आज मिति २०८३।०३।१८ गते बिहिबार गोलन्जोर गाउँपालिकाका अध्यक्ष श्री शंकर राज बरालज्यूको अध्यक्षतामा गोलन्जोर गाउँ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति:**

| | |
|---|---|
| १. श्री शंकर राज बराल | गाउँपालिका अध्यक्ष |
| २. श्री ज्वाला प्रसाद न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| ३. श्री रेगन राज थापा | गाउँपालिका प्रवक्ता |
| ४. श्री सोम प्रसाद बराल | कार्यपालिका सदस्य |
| ५. श्री दौलत कार्की | कार्यपालिका सदस्य |
| ६. श्री कृष्ण प्रसाद पोखरेल | कार्यपालिका सदस्य |
| ७. श्री भक्त बहादुर भुजेल | कार्यपालिका सदस्य |
| ८. श्री गोबिन्द बहादुर लुङ्गेली | कार्यपालिका सदस्य |
| ९. श्री रबिन कुमार श्रेष्ठ | कार्यपालिका सदस्य |
| १०. श्री सम्झना पोखेल | कार्यपालिका सदस्य |
| ११. श्री सम्बर बहादुर माझी | कार्यपालिका सदस्य |
| १२. श्री उर्बशी ढुङ्गेल | कार्यपालिका सदस्य |
| १३. श्री अम्मरदिप बि क | कार्यपालिका सदस्य |
| १४. श्री शान्ता बि क | कार्यपालिका सदस्य |
| १५. श्री खरिमाया आले पुर्वछाने | कार्यपालिका सदस्य |
| १६. श्री मान बहादुर बराल | प्रमुख प्रशासकीय अधिकृत |

**अन्य उपस्थिति**

| | |
|---|---|
| सरद प्याकुरेल | प्रशासन शाखा |

CamScanner

## बैठकका प्रस्तावहरु

१) सुलिभन्ज्याङ्ग स्थित सार्वजनिक जग्गा सम्वन्धमा ।

२) गाउँसभाको १९ अधिवेसनको बैठक सम्वन्धमा ।

३) बालश्रम उन्मुलन सम्वन्धी कार्यक्रम सम्बन्धमा ।

४) सरुवा सहमती सम्बन्धमा ।

५) सरुवा निर्णय कार्यान्वयन सम्बन्धमा ।

६) विज्ञापन कर र सर्टर भाडामा लाउने सम्वन्धमा ।

७) बजेट कार्यान्वयन सम्बन्धमा ।

शंकर राज बराल
अध्यक्ष

CamScanner

## बैठकका निर्णयहरु

**निर्णय नं. १**

प्रस्ताव नं. १ सुलिभन्ज्याङ्ग स्थित सार्वजनिक जग्गा सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिका वडा नं. ३ भिमलेश्वर महादेव मन्दिरको आसपास रहेका सार्वजनिक ऐलानी पर्ती जग्गामा रहेका घर टहरा हटाउन सम्मानित जिल्ला अदालतको फैसला बमोजिम ३५ दिने सूचना आह्वान गरी सो समय समेत व्यतित भइसकेको सम्बन्धमा उक्त स्थानमा रहेका घरटहरा हाल सम्म पनी नहटेकोले पुन एकपटक १५ दिने सूचना प्रकाशन गरी थप एक पटक समय दिने अन्यथा नियमानुसार गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

प्रस्ताव नं. २ गाउँसभाको १९ अधिवेसनको बैठक सम्बन्धमा छलफल गर्दा मिति २०८३।०३।२६ गते ११ बजे गोलन्जोर गाउँपालिकाको सभाहलमा गाउँसभाको १९ अधिवेसनको तेस्रो बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३, बालश्रम उन्मुलन सम्बन्धी कार्यक्रम सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको सबै वडाहरुमा स्थलगत अनुगमन र निरिक्षणको क्रममा बाल श्रमका केही घटनाहरु देखा परेका र केही परिवारको आर्थिक अवस्था अत्यन्त दयनिय भएकोले बालबालिका बालश्रम गर्न बाध्य भएको पाइएकोले बालश्रमबाट मुक्त भई पुन विद्यालय फर्किएका बालबालिकाका अभिभावक र विद्यालय गएर पनि गरिबिका कारण विद्यालय बाहिर रहेका बालबालिकाका अभिभावकहरुलाई बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालय र गोलन्जोर गाउपालिकाको सम्झौता बमोजिम जोखिमयुक्त बालबालिकाका परिवारका अभिभावकलाई मौरी पालन तालिम सँगै मौरीका घार समेत उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४, सरुवा जान सहमती दिने सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाका तपसिल बमोजिमका विद्यालयमा कार्यरत तपसिल बमोजिमका शिक्षक हरुले सरुवा सहमतीको लागि विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय सहित निवेदन दिनु भएकोले सरुवा सहमती दिने निर्णय गरियो ।

तपसिल

| क्र सं | शिक्षकको नाम | हाल कार्यरत विद्यालय | सरुवा जान चाहेको विद्यालय/स्थानीय तह | विद्यालय व्यवस्थापन समितिको निर्णय भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | पवित्रा कुमारी ढकाल | श्री प्रभात आधारभुत विद्यालय गोलन्जोर -६, ग्वालटार | कमलामाई नगरपालिका | २०८३।०१।११ | प्रथमिक तह राहत |
| २ | हिरा कुमारी न्यौपाने | श्री जनज्योती मा वि गोलन्जोर -७,खुर्कोट | कमलामाई नगरपालिका वडा नं. ७, गडयौली | २०८३।०३।१८ | निम्न माध्यमिक तह राहत |

**निर्णय नं. ५**

प्रस्ताव नं ५ सरुवा कार्यान्वयन गर्ने सम्बन्धमा छलफल गर्दा श्री आधारभुत विद्यालय मरिण गाउँपालिका वडा नं ७,भुडिफोरा मा प्राथमिक तह राहत दरबन्दिमा कार्यरत शिक्षक श्री रितादेवी श्रेष्ठ लाई श्री आधारभुत विद्यालय भुडिफोराको विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०३।०९ र मरिण गाउँपालिकाको मिति २०८३।०३।०९ को सहमती तथा गोलन्जोर गाउँपालिकाको मिति २०८३।०२।२६ को सरुवा सहमती र श्री जनज्योती माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०२।२५ को निर्णय अनुसार निज शिक्षकलाई श्री जनज्योति माध्यमिक विद्यालयमा रिक्त रहेको सोही तहको राहत दरबन्दिमा सरुवा कार्यान्वयन गर्ने निर्णय गरियो ।

शंकर राज बराल
अध्यक्ष

CamScanner

निर्णय नं. ६

प्रस्ताव नं. ६, विज्ञापन कर र सटर भाडामा लाउने सम्बन्धमा कार्यालयको स्वामित्वमा रहेका व्यापारिक सटरहरु भाडामा लगाउने तथा विज्ञापन कर संकलन गर्ने सन्दर्भमा आर्थिक वर्ष २०८३/०८४ का लागि उक्त सटर भाडा र विज्ञापन कर तर्फ साविक दररेट बमोजिम नै ठेक्का आह्वान गर्ने मिति २०८३/०३/१८ गतेको राजस्व परामर्श समितिको बैठकले गरेको सिफारिस बमोजिम नै ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. बजेट कार्यान्वयन सम्बन्धमा छलफल गर्दा गोलन्जोर गाउँपालिकाको लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम बमोजिम प्राप्त बजेट रु ४५८९०००० (पैतालिस लाख उनानब्बे हजार) तपसिल अनुसार खर्च गर्ने गरी मिति २०८३।०२।११ गतेको कार्यलयको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

१. अस्पताल कर्मचारी तलब भत्ता लगायत अन्य सुविधा-१५,००,०००/-

२. अस्पताललाई आवश्यक पर्ने स्वास्थ्य सेवा संग सम्बन्धित औजार उपकरण व्यवस्थापन खर्च-१०,००,०००/-

३. स्वास्थ्य शिविरको लागि औषधी खरिद तथा व्यवस्थापम-५,००,०००/-

४. अस्पताल चेन गेट लगायत नर्सिङ्ग स्टेशन व्यवस्थापन खर्च रु.५,८९,०००/-

५. मेसिनरी औजार उपकरण व्यवस्थापन खर्च रु.१०,००,०००/-

